नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

थापाथली, काठमाडौं

मिति : २०८३/०१/१८

## विषयः घर सापटी (House Loan) सम्बन्धी सूचना

सामाजिक सुरक्षा कोष अन्तर्गत रहेका योगदानकर्ताहरूलाई जग्गा खरिद, घर निर्माण, खरिद तथा मर्मत कार्यका लागि उपलब्ध गराइने घर सापटी सेवा सम्बन्धी देहाय बमोजिम जानकारी गराइन्छः

### १. सापटी प्राप्त गर्ने प्रयोजन

योगदानकर्ताले निम्न प्रयोजनका लागि घर सापटी प्राप्त गर्न सक्नेछन्ः

- जग्गा खरिद गर्न
- घर निर्माण गर्न
- नयाँ घर खरिद गर्न
- घरमा तला थप्न वा मर्मत गर्न
- संयुक्त आवास (Apartment/Unit) खरिद गर्न

### २. सापटी सीमा

देहायमध्ये जुन कम हुन्छ, सो बराबरको रकमसम्म सापटी प्रदान गरिनेछः

- अधिकतम रु. १,५०,००,००० (एक करोड पचास लाख रुपैयाँ)
- १५ वर्षको तलब बराबर रकम
- योगदानकर्ताको ६० वर्ष उमेर पुग्न बाँकी कार्य अवधिको तलब
- ऋण भुक्तानीको मासिक किस्ता योगदानकर्ताको तलब, दम्पतीको तलब र अन्य करकट्टी भएका आम्दानीको साठी प्रतिशत भन्दा बढी नहुने गरि कायम गरिनेछ ।

**नोटः** धितो तथा ऋण तिर्न सक्ने क्षमता (Repayment Capacity) समेतका आधारमा अन्तिम सिमा निर्धारण गरिनेछ।

### ३. योग्यता (Eligibility)

देहायका शर्तहरू पूरा गरेका योगदानकर्ताले मात्र सापटी प्राप्त गर्न सक्नेछन्ः

- कम्तीमा १८ महिना नियमित रूपमा कोषमा योगदान गरेको हुनुपर्ने

- कालो सूची (Blacklist) मा नपरेको हुनुपर्ने
- अवकाश हुन कम्तीमा २ वर्ष सेवा अवधि बाँकी रहेको हुनुपर्ने

## ४. धितो सम्बन्धी व्यवस्था

- योगदानकर्ता स्वयं वा निजको एकाघर परिवारको नाममा रहेको घरजग्गा
- अन्य व्यवस्था योगदानकर्ता सापटी (दोस्रो संशोधन) निर्देशिका, २०८२ को दफा २८(१) बमोजिम हुनेछ

## ५. धितो रहने जग्गाको न्यूनतम क्षेत्रफल

- महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका भित्रः कम्तीमा २.५ आना वा ५ धुर
- गाउँपालिका भित्रः कम्तीमा ४ आना वा ७.५ धुर

## ६. सापटी उपयोग अवधि

- स्वीकृति मितिले ६ महिनाभित्र पहिलो किस्ता उपयोग नगरेमा सापटी स्वतः रद्द हुनेछ
- पहिलो किस्ता लिएको मितिले २ वर्षभित्र स्वीकृत सापटी पूर्ण रूपमा उपयोग गरिसक्नुपर्नेछ

## ७. शुल्क तथा ब्याजदर (Fees & Interest Rate)

- जग्गा खरिदका लागि बार्षिक ६% र घर खरिद/निर्माणका लागि बार्षिक ५.८५% ब्याजदर लाग्नेछ।
- व्यवस्थापन शुल्कः कुल कर्जा सिमाको ०.१५%
- मूल्याङ्कन शुल्कः रु. ५,००० (VAT बाहेक)
- थप सापटी प्रवाहका लागिः प्रत्येक पटक रु. १,५०० (VAT बाहेक)
- काठमाण्डौं उपत्यका तथा कोषको कार्यालय रहेको जिल्ला बाहेक अन्य जिल्लामा मूल्याङ्कन गर्दाः थप रु. १,००० (VAT बाहेक)

## ८. आवश्यक कागजातहरू

निवेदन साथ देहायका कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछः

- नागरिकता प्रमाणपत्र तथा कोषको परिचयपत्रको प्रतिलिपि
- रोजगार कार्यालयबाट सिफारिस भएको सापटी माग फारम (अनुसूची १)
- एकाघर परिवारका सदस्यहरूको नागरिकताको प्रतिलिपि
- विवाह दर्ता प्रमाणपत्र (लागू हुने अवस्थामा)
- वडा कार्यालयबाट चारकिल्ला प्रमाणित पत्र
- पारिवारिक विवरण प्रमाणपत्र
- तलब विवरण तथा अवकाश मिति खुलेको पत्र
- लालपुर्जा तथा स्वामित्वसम्बन्धी कागजातहरू
- पछिल्लो १ वर्षको बैंक स्टेटमेन्ट

- नापी नक्सा तथा ट्रेस पेपर
- चालु आर्थिक वर्षको सम्पत्ति कर तिरेको रसिद
- घर निर्माण स्वीकृति पत्र (स्थानीय तहबाट)
- घरको नक्सा
- निर्माण सम्पन्न/आंशिक सम्पन्न प्रमाणपत्र (लागू हुने अवस्थामा)
- घरजग्गा खरिदको हकमा बैना सम्झौता पत्र
- कोषले आवश्यक ठानेका अन्य कागजातहरू

यस सम्बन्धी विस्तृत व्यवस्था **योगदानकर्ता सापटी (दोस्रो संशोधन) निर्देशिका, २०८२** बमोजिम हुनेछ। यस सूचना सम्बन्धी थप जानकारीका लागि ०१-५३६०८३७ मा सम्पर्क गर्नुहुन अनुरोध छ।